नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
# नापी विभाग
( योजना तथा अनुगमन शाखा )

फोन नं. ४६२१७१०, ४६२२७४२, ४६२२७१३, ४६२२७३३
फ्याक्स नं. ४६२२९५७
इमेल नं.: info@dos.gov.np

मिनभवन,
काठमाडौं, नेपाल

पत्र संख्याः- ३।७।०७४।०७५
प्राप्त पत्र संख्याः........... मितिः .........................
च.नं.: ९३

मिति : २०७४।०४।०५

विषयः निर्णय पठाइएको सम्बन्धा ।

श्री सबै नापी कार्यालय,
......................... ।

उपरोक्त विषयमा सडक निर्माण सम्बन्धमा हालसम्म भएको कार्य प्रगती "(कलंकी नागढुंगा लगायत उपत्यका भित्रको सडक, मुग्लीन - नारायणगढ सडक खण्ड एवं उत्तर दिक्षिण राजमार्ग लगायतका सडकहरू)" सम्बन्धमा भौतिक पुर्वाधार तथा यातायत मन्त्रालयका सचिव, काठमाण्डौ उपत्यका विकास प्राधिकरणका आयुक्त तथा अन्य सम्वध्द पदाधिकारीहरूसंग विस्तृत छलफल गरी छलफल पश्चात व्यवस्थापिका संसद विकास समितीको वैठक नं. १२५ को वुँदा नं. ४ मा सडक विस्तार कार्यले द्रुत गति नलिनुमा जग्गा प्राप्तिमा समस्या, अधिग्रहण गरिएका जग्गाहरूको तत्काल लगतकट्टा नहुनु, Right of way clear नहुनु, जग्गा होल्ड गरेर लामो समय राखिनु एवं अधिग्रहण गरिंदा कानून वमोजिम दिइने क्षतिपुर्तीको कार्य संगसंगै हुन नसक्नु जस्ता कारणहरू पनि जिम्मेवार रहेकाले उल्लेखित समस्याहरूलाई तत्कालै समाधान गरीसक्न समितीले नेपाल सरकार भौतिक पुर्वाधार तथा यातायत मन्त्रालय, भूमिसुधार मन्त्रालय, काठमाण्डौ उपत्यका विकास प्राधिकरण एवं सडक विभागलाई पुनः निर्देश गर्दछ भन्ने निर्णय गरी आवस्यक कार्यार्थको लागि उक्त समितीको प.सं. ०७३।०७४ च.नं. ४०९ मिति २०७४।०३।२० को पत्रबाट भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पत्र प्राप्त भएकोमा मन्त्रालयको प.सं. ६।१।२(द.१५९२)।०७३।०७४।०३।१ नं. १०२८ च.नं. ३६४० मिति २०७४।०३।२७ को पत्रबाट यस विभागलाई लेखी आएकोले निर्णय कार्यान्वयनको लागि तहाँ लेखी पठाइएको व्यहोरा यस विभागको मिति २०७४।०४।०५ को निर्णयानुसार अनुरोध छ ।

२०७४।०४।०५
.........................
(उत्तम कुमार लामिछाने)
नापी अधिकृत

वोधार्थः
श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय,
जग्गा प्रशासन शाखा,
सिंहदरवार, काठमाण्डौ ।